# नाट्टा पर्यटन प्रवर्द्धन टोली चीन प्रस्थान

नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) को नेतृत्वमा चीनमा नेपाल पर्यटन प्रवर्द्धन कार्यक्रम अंतर्गत नेपाल पर्यटन बोर्ड तथा बेजिङ्ग स्थित नेपाली राजदूतावासको सहयोगमा भोली देखि आगामी जून १७ तारेख सम्म चीनका चार प्रमुख शहरः चेङदू, ग्वाङजाओ, हाङ्गजाओ तथा बेजिङ्गमा आयोजना हुने नेपाल चीन सेल्स मिशन-२०१७ का ३२ सदस्यीय नेपाली पर्यटन व्यवसायी टोली आज त्यस तर्फ प्रस्थान गरेको छ। भोली चेङ्गदूमा सम्पन्न हुने नेपाल सेल्स मिशन कार्यक्रम संग-संगै बेजिङ्ग स्थित नेपली राजदूतावासको तदारुकतामा त्यहांका उच्च स्तरिय पर्यटन अधिकारीहरु एवम् एजेन्टहरु सहितलाई सम्मिलित गराउँदै नेपाल पर्यटन प्रवर्द्धन बर्ष- २०१७ सम्बन्धी एउटा बृहत् कार्यशाला गोष्ठीको पनि आयोजना गरिने भएको छ। नाट्टाको सेल्स मिशनमा नेपालका पर्यटकीय सम्पदाहरुबारे चिनियां ट्राभल व्यवसायी तथा संचार जगतलाई विस्तृत जानकारी गराउनुका साथै बीटूबी पनि हुने छ । चीनमा हुने यस प्रकारका पर्यटन प्रवर्द्धन कार्यक्रमले नेपाल आउने चिनियां पर्यटकहरुको संख्या बृद्धि हुनेमा नाट्टा विश्वस्त रहेको जनाइएको छ। गत बर्ष चीनबाट कुल १२ करोड २० लाख चिनियां पर्यटकहरुले विदेश भ्रमण गरेका थिए र ती मध्ये मात्र ८० हजार ५५३ चिनियां पर्यटक नेपाल भ्रमणमा आएको स्मरणीय छ। नेपालबाट चीनमा पर्यटन प्रवर्द्धन गर्न जाने नेपाली पर्यटन व्यवसायीहरुको नेतृत्व नाट्टाका अध्यक्ष मधुसूदन आचार्यले गर्नु भएको छ र नाट्टाका कार्यकारी सदस्य वरुण मेहता सम्पूर्ण सेल्स मिशनका संयोजक हुनु हुन्छ।

NATTA 1966 Together We Can Achieve

भीम प्रसाद पन्त
महा-सचिव